आज मिति २०८१/०५/१४ गतेका दिन लेकबेशी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्या: ४०

बैठक प्रारम्भ: बिहान ११:३० बजे                समापन:        बजे

| सि.नं. | पद | नामथर | हस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | [signature] |
| २ | नगर उप-प्रमुख | श्री बिमला खड्लुक | [signature] |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री बखत बहादुर खड्का | [signature] |
| ४ | वडा अध्यक्ष | श्री हरिमान घले | [signature] |
| ५ | वडा अध्यक्ष | श्री चन्द्रबहादुर वुढा | [signature] |
| ६ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | [signature] |
| ७ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | [signature] |
| ८ | वडा अध्यक्ष | श्री चक्रबहादुर शाही | [signature] |
| ९ | वडा अध्यक्ष | श्री प्रतिमान वाकावल | [signature] |
| १० | ~~[illegible]~~. वडा अध्यक्ष | श्री ~~सुनिता कामी~~ हर्कबहादुर नेपाली | [signature] |
| ११ | वडा अध्यक्ष | श्री टिकाराम छन्तेल | [signature] |
| १२ | वडा अध्यक्ष | श्री मान बहादुर सोमै | [signature] |
| १३ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | [signature] |
| १४ | कार्यपालिका सदस्य | श्री जानकी पुन | |
| १५ | कार्यपालिका सदस्य | श्री सावित्रा नेपाली | [signature] |
| १६ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | |
| १७ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | |
| १८ | कार्यपालिका सदस्य | श्री तारादेवी बराल | [signature] |
| १९ | कार्यपालिका सदस्य | श्री दिपा सिंह खनेल | |

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री लीलावती वि.क. | |
| २१ | कार्यपालिका सदस्य | श्री पाम बहादुर दमाई | |

आमन्त्रित:

| | | | |
|---|---|---|---|
| २२ | अधिकृत बैठी | श्री नारायणदत्त तिवारी | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कन्याण, सुर्खेत

मिति २०८१/०५/१४ गतेको ४०औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

तपसिल:

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १ | समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २ | निर्देशिका स्वीकृत सम्बन्धमा । | लेकवेशी नगरपालिकाको हेलोधारा परियोजना कार्यान्वयन निर्देशिका, २०८१ स्वीकृत गर्ने | प्र.प्र.अ. | |
| ३ | अस्थायी क्रसर उद्योग सम्बन्धमा । | ग्रामिण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन इकाई सुर्खेतबाट संचालित दशरथपुर-डाडाँगाउ-नेटा-जितेजुवा-धरमपोखरा सडक निर्माणका लागि लेकवेशी नगरपालिका अन्तरगतको वडा नं. ३ र ४ को जम्मुघारीमा अस्थायी क्रसर प्लान्ट स्थापनाका गर्नका लागि अनुमति पाउ भनि उक्त सडक निर्माणका लागि जिम्मा पाएको आशिष-आशिर्वाद जे.भी.ले निवेदन दिएको हुँदा अस्थायी अनुमति दिन सहमतिको लागि जिल्ला अनुगमन समितिमा अनुरोध गर्ने । | प्र.प्र.अ. | |
| ४ | कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिकाको सम्पत्ति कर तथा भूमिकर (मालपोत) व्यवस्थापन कार्यविधि, २०८१ र विद्यालय दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने । | सम्बन्धित शाखा | |
| ५ | प्रगति समिक्षा सम्बन्धमा । | आ.व. २०८०/०८१ को प्रगति समिक्षाको लागि मिति तय गर्ने । | प्र.प्र.अ. | |
| ६ | IEE गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिकाको क्षेत्र भित्रका भेरी नदी र चिङ्गाड खोला, गमखोला र रातेखोलाहरुमा रहेको नदीजन्य पदार्थ उत्खनन, संकलन गरी बिक्री वितरणको ठेक्का बन्दोबस्त गर्नका लागि IEE प्रकृया अगाडि बढाउने । | पूर्वाधार विकास शाखा | |

**मिति २०८१/०५/१५ गतेको ४०औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु**

निर्णय नं. १

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

लेकवेशी नगरपालिकाको हेलोधारा परियोजना कार्यान्वयन निर्देशिका, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

ग्रामिण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन इकाई सुर्खेत बाट संचालित दशरथपुर-डाडीगाउ-नेटा-जितेजुवा-धरमपोखरा सडक निर्माणका लागि लेकवेशी नगरपालिका अन्तरगतको वडा नं. ३ र ४ को जम्मुधारीमा अस्थायी क्रसर प्लान्ट स्थापनाका गर्नका लागि अनुमति पाउ भनि उक्त सडक निर्माणका लागि जिम्मा पाएको आशिष-आशिर्वाद जे.भी.ले निवेदन दिएको हुँदा अस्थायी अनुमति दिन सहमतिको लागि जिल्ला अनुगमन समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालिकाको सम्वन्धित शाखाहरुबाट तयार गरी पेश गरिएका निम्न कार्यविधिहरुको मस्यौदाहरुमाथि छलफल भई स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. लेकवेशी नगरपालिकाको सम्पत्ति कर तथा भूमिकर (मालपोत) व्यवस्थापन कार्यविधि, २०८१

२. विद्यालय दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

निर्णय नं. ५

लेकवेशी नगरपालिका कल्याण सुर्खेतको आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा मिति २०८१/०६/६ र ७ गते गर्ने गरी सबै शाखा प्रमुखहरुलाई निर्देशन दिनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।